# बसन्त र विरही



ऋषिराम न्यौपाने

# बसन्त र विरही

★

लेखक :-

ऋषिराम न्यौपाने

★

प्रकाशक :-

मणि कुमार शर्मा

प्रकाशक

मणि कुमार शर्मा

का. प. जि. कोलाती

बा. अञ्चल

सर्वाधिकार लेखकमा सुरक्षित

प्रथम पटक : १०००

वि. स. २०३४ । ४ । १

मूल्य रु. २ । ८०

मुद्रक :- महालक्ष्मी प्रेस

( वीरगंज )



लेखक :–

ऋषिराम न्यौपाने

# समर्पण

उनैलाई

( १ )

मैले बर्णन गर्नलाई सहसा सक्थे र के सुन्दर
जस्तो हो रूप तुल्य शब्दहरुको विन्यासले सुस्थिर
मेरो केवल धृष्टता हृदयको, मानेर थापी दिए
यो पुष्पाञ्जली शुष्क-पुष्पहरू झैं, कोशीस राख्ने थिए

( २ )

जस्ले बीज छर्‍यो बसन्त मनले सोचेर छाया सरी
उस्कै भित्र झलक्क झुल्किई हरे ! आभा मिलेको परी
फर्क-फर्क नफर्क छैन मनमा दिग्दार केही डर
उस्मै अर्पण यो बसन्त विरही राम्रो इरादा भर

—::❀::—

# सम्मति

लेखेको रसिलो बसन्त विरही यो काव्यको जन्तर
झट्टै मुद्रणमा दिंदा बरु पछी देखिन्नथ्यो अन्तर
बेलापाई बसन्त औ विरहीका जो भावना फूर्दछन
तिन्ले मौसमनाघ्न हुन्न कविका जो छापमा मूर्तछन् ।
हेरे मात्र नभै सुने बचन यी श्रष्टा स्वयम् बाटनै
पारे मस्त प्रभाव मग्न दिलमा राखेर बांकी अझै
आशान्वित मछु सखे ? समयमै बाटो लगाई दिनोस्
आकांक्षा अरु फक्रनन् हृदयका यै भावना नै बढोस् ।

अभिन्न हृदयी
**पूर्ण प्रकाश नेपाल**
२०३१ । ३ । २ । १

# प्रकाशकको तर्फबाट

अरुत किन? "बसन्त र विरही" त पाठक समक्ष प्रस्तुत गरि हाले प्रकाशकको रुपले:- बरु घटित-घटना-लाई लिएर :-

लेखक संग पहिलो भेट र चिनारी, अनि उहां संग वियोग भएको भर्खरै जस्तो लाग्द्थ्यो, उहांलाई कहिले काहि सम्झदा, प्रसंग बसात् कहिं कुरा चल्दा, तर समय बितेको पत्तै नपाइने १० वर्ष बितिसके छ।

अलि मात्रै फूर्सत मिल्यो भने प्रस्तुत "बसन्त र विरही" लाई सुम्–सुम्याउनु हुन्थ्यो, ओल्टाई-पल्टाई गरी, भन्नु हुन्थ्यो डोल्पामा जन्मियो यहा ( रसुवामा ) हुर्काउने विचार गरेको छु भनेर।

त्यसरि नै एक दिन हेरिरहनु भएको समयमा मेरा एक जना साथिले भने "साफी भइसकेको भए हेर्न लाने थिए" आफ्नो क्षमताले र समयले भ्याए सम्म त

गरे... ... ...। वीचैमा मैले भने प्रकाशित गर्ने होइन ? उत्तर दिनु भयो "मणिजी चाहिन्छ उही ।"

सहसा मैले जिज्ञाशो प्रकट गरे :– म प्रकाशित गरुला । अनि तिनै मेरा साथीले हेर्ने लाई भनेर लगे ।

बियोग पछिको संयोग, संयोग निकै रमाइलो हुने, उस्माथि पनि विशेष संयोग सांझिरहेछु आज । उहां को भेट पछि उहां को कोठामा उही "बसन्त र विरही" झन् रमाईलो लाग्यो, अतीतका कुरा मूर्तरुप लिएर मन देखि उठ्दै नाच्न थाले आंखामा आएर । आश्चर्य पनि लाग्यो।

ती साथीले हेर्न लगेको त भोलि पल्टै कविता भन्दा बढी टुक्रा नै पो लिएर आए, साफी गरेको कापीको, मलिन अनुहार लगाएर अनि, भने "क्षमा पाउं ।

ती साथीको कोठामा संगै बस्ने एउटा साथी थियो, जसलाई अनिवार्य भयो अवकास दिनलाई अवकास पाएको थियो, उस्ले अघिल्लो दिन मात्र, उसैले च्याति

दिएछ नशा--नशैमा हो अथवा अवकास पाएको रीसको आवेशमा, चिन्तामग्न मुद्रामा लेखकले भन्नु भयो नशाको परिणाम पुनः टुक्रालाई समाउँदै भन्नु भयो जगेर्ना नगर्ने बानी आफ्नैं भूल । यो साफी गर्ना साथ पहिलो कपी च्याति दिए, यो पनि ... । हाय ! नशा ! त्यसै रुपमा नभए पनि तयार त होला यी नै टुक्रा पनि राखौं । अन्त्यमा भन्नु भयो "जो भयो सो भयो हुन दिनोस् यो पनि शिक्षा नै मिल्यो ।"

आश्चर्यको साथ साथै मैले भने "बसन्त र विरही।" अबत प्रकाशित ... । "विचैमा बल्ल-बल्ल ती टुक्रा लाई जोड़दै मिलाए, तर मणिजी त्यसै रुपमात पुगेन होला तर पनि यस अवस्थामा छ, अह ?..............। प्रकाशित गर्न त असमर्थ नै रहे चाहिन्छ उही पहिलेकै मिल्यो उत्तर ।" मैले पनि १० । वर्ष अघिकै जिज्ञासा प्रकट गरे म प्रकाशित गरुंला ।

मैले माथि पनि उल्लेख गरे अरु त किन ? तर पनि हिमाली आभामा उदियमान सरस-सुधामयी

संस्कृति, परम्परा र पवित्र आदर्शको झलकलाई औल्याएर कर्तव्यको आह्वानमा चलेको लेखकको लेखनी–यो बसन्त र विरही सदयी पाठक वृन्द बाट स्वीकार भएमा प्रकाशकको प्रयाश पनि सफल हुने छ ।

समयाभावले समय दिएर प्रूफ हेर्न नपाउदा केही अशुद्धि रहन गयो, जस्को निमित्त खास अक्षरनै छुटेको र अनावश्यक (बढी) अक्षर भएकोमा शुद्धा शुद्धि पत्र समावेश गरिएको छ । कृपया पाठकहरुले हेरी दिनु भएमा प्रकाशक आभारी रहने छ र अतिरिक्त ि हुनु पर्नेमा ी, ` हुनु पर्नेमा ै र ं हुनु पर्नेमा, नभएको ा नहुनु पर्नेमा भएको आदिमा शुद्धि पत्रमा शुद्धयाई राख्न असमर्थ रहेकोमा क्षमा प्रार्थी छु ।

अनि अन्त्यमा यही रुपमा भए पनि यथा संभव छिटै मुद्रण गर्ने कार्यमा पाएको तदारुकता प्रति लेखकका तर्फबाट र प्रकाशकको रुपले आफ्नो तर्फबाट पनि महालक्ष्मी प्रेस परिवार प्रति कृतज्ञता ज्ञापन गर्नु उचित ठान्दछु ।

प्रकाशक

मणि कुमार शर्मा

का. प. जि. कोलाती (बा. अ.)

( हाल बारा, कलैया )

२०३४ । ४ । १ । ७

# मनमा लागेका कुरा

विभिन्न घटनाका संयोगहरूले अनुकूल दिशालाई पकडेर महान् कथाको मूर्त स्वरुप दिन क्रमिक विकासलाई जीवनका दुःखी र सुखी खुट्किला झैं देखा–पर्ने तरंग-हरूको एक ठोस रुप महाकाव्य हो भने इतिहासको छेटो रुपमा उस्तै र उनै घटनाको विस्तारले थोरै समयमा धेरै भन्न सकिने स्थिति भित्र कुदिएको काव्यात्मक रुप खण्ड काव्य हो।

यहाको कथा बस्तु छोटो मात्र नभएर ज्यादै छोटो छ, तर पनि व्याख्यात्मक रूपले कथाको विस्तृती करण भएकाले ज्यादै सानो इतिहास भित्र बाधिएको काव्यको अस्वभाविकपनालाई खल्लो बनाएको छ अर्थात् विस्तार हुनुले काव्यको रूप दिएको छ। बसन्त र विरही जस्तो रसिलो विषयमा एकोहोरो रूपमा बगेको कथाको सोझो र जीवनका प्रश्नहरूको भण्डारले अलि

खल्लो गराएको अनुभव हुन्छ बसन्तको बिवेचना भित्र प्रकृतिको उन्मत्त वैसलाई ज्याल चुहाउन पर्ने बनाई विरही नायकलाई टाडैंबाट थुक निलेको रसिलो सम्बादात्मक चित्र उतार्न पाएको भएकाव्यात्मक अनुहार साहित्यमा अझ बढी देखिन्थ्यो र ब्यंग्यार्थले भरिलो साहित्य उत्कृष्ट हुने थियो । परन्तु यहा बियोगी नायक-को पश्चान्ताप र प्रायश्चितको भागी आफू संझो रुने रुखो नायकको निमार्णले विरही नायकको इतिहासको पाठक अवश्य विरही बन्छ र जीवनका प्रश्नहरुले व्याप्त हुन्छ जसले गर्दा मस्तिक पक्षलाई बल दिई रहेको स्पष्ट अनुभूति हुन्छ । अथवा यसो भनौ–खण्ड काव्य विचार प्रधान भएर बुद्धि पक्षलाई समाई दौडेको छ हृदय पक्षलाई कम छोएको छ । ठीकै छ वर्तमानयुगमा बुद्धि पक्षको खाचो पनि साहित्यमा मानिन्छ । दिल खेलाउन मात्र साहित्य नपढेर गिदोको परिस्कार गर्नु तिर पनि विशेष ध्यान दिइन्छ हिजो आज ।

ठाउ–ठाउमा दूई अर्थे कविताहरु जसरी देखा पर्दछन् अझ स्पष्ट भएमा ज्यादै राम्रो हुन्थ्यौं तर स्पष्ट-याउतिर लाग्दा यौटा वाद बनेर दर्शन बन्ने डर हुन्छ

यो धारणा निकै राम्रो छ । भाषाको सरलता काव्यको लागी उपयुक्तछ र काल्पनिक तिब्रताले बलियो रुप लिएको देखिन्छ । जस्ले लेखकको भविष्यलाई सुन्दरताको संकेत गरिरहेको देखिन्छ अनुप्रासतिर ख्याल गरिएनछ । छन्द मिलेकै छ मुख्य कुरा घटनाको विकासमा ख्याल गरी विस्तृत चित्रण गर्न छुटेको छ त्यो भएमा काव्य सुन्दर बन्ने देख्छु । यौटा कुरा मलाई यो निश्चय नै संतोष लाग्यो लेखकको कलम अवश्यनै नरोकीइ कन चलेको हुनु पर्छ ।

प्रा. कुल प्रसाद खनाल

२०२६ माघ

# साइत गर्नु अघि

जीवन यात्रा ? मान्छे कहांबाट कता पुग्दछ र कुन मान्छेको जीवन यात्रा कहा कुन समय र अवस्थामा गएर विश्राम लिनपुग्छ, सम्भवतः उसैलाई थाहा हुदैन, उसमा पनि कर्मचारी जीवन कहिले कहां कहिले कहि। चाहे कोहि, केहि किन नभनुन् तर यस जीवनको अभ्यंतरमा देश नरेश र जनताको सेवामा आफूलाई समर्पण गर्ने सुनौलो अवसर पनि त छनि, अन्यथा डोल्पा जिल्लामा पुगने अवसर कहाबाट पाउथे र ? अनि यो "वसन्त र विरही" को निमार्ण यसलाई समर्पण गर्ने मौका कसरी पाउने ?

मुसु--मुसु हांसी रहेका हिमशिखर, हिमाली पावन, बन-उपवन छहरा, लहरा र पहरा-हिउ र हिमाली सरोवर, अनि पर्वतीय उदार प्रकृति, किन लम्ब्याउनु ?, एउटै शब्दमा भनु--भनू लाग्दछ-निर्माताको निर्माण कला--प्रकृतिको बरदान अझै एक फेर त्यहां गएर कविता कोर्ने रहर लाग्छ।

जहां प्रकृतिमाताको प्रेरणाले कलम चलाउन मन लाग्यो तर–कसरी ? चलाएर लेख्ने के ! अझ विवश हुनु पर्‍यो । काम ज्वरोले पीडित भएर मानौ जीवन यात्रा चिन्तना, वेदना, तर्कना प्राप्त–मनुष्य चोला त्यसै ओईलिएर जान लाग्यो केही गर्न सकिन भनेर, अझै केले-केले घच् घच्यायो निकै बेर थोरिए पछि मानौं तिनै प्रकृतिमाताले रहेछ आज संझन्छु, "नछोड आफ्नै दुःखी संझी जीवन, मलाई हेरे र कमल चलाउन" भगवानको अनुकम्पा । आहो ! प्रभामण्डल रम्य देखियो पलाउदा निश्चय तन्त्र–पद्धति यिनै हरफ लाई गुन्दा–गुन्दै हौसला बढ्यो, सफा कागतमा कालो मसिले पोत्न थाले, नयां दुलहीले आगन लिपे झै गरेर २०२३ सालमा ।

बाटो लगाई दिनुत कता–कता न्वारान सिवाय केही हुन सकेन मबाट, धेरै संतान जन्माउने अकिन्चन झै, अन्न प्रासन नै बाकिनै थियो-सहृदयी साथी प्रा. श्री कुल प्रसाद खनाल ज्यूले केही साहस बढाई दिनु हुन्दै मन्तव्य प्रकट गरी पठाई दिनु भएछ हेरेर २०२६ सालमा मैले पठाएको ठाउंमै डडेल्धुरामा नेपालगंजबाट वहा प्रति साहै कृतज्ञ छु ।

पहिलो चिनजानमा थाङ्नोबाट झिकेर हेरे र प्रकाशनको सम्मति जनाई दिनु हुने श्री पूर्णप्रकाश नेपाल प्रति पनि कृतज्ञता प्रकट गर्दछु। साफि गरिदिने कार्यमा सहयोग दिनु हुने श्री कृष्ण बहादुर श्रेष्ठ चौतारा (सि पा.) श्री लोकमान के. सी. ( ल. पु. ) तथा श्री अच्युत बहादुर प्रधानाङ्ग (वीरगज) श्री ध्रुवलाल श्रेष्ठ (कलैया, भवानीपुर) लाई संझनुनै पर्दछ।

अन्तमा आर्थिक अभिभारा बोकेर बाटो लगाई दिनु भएकोमा मेरो अभिन्न सहयोगी श्री मणि कुमार शर्मा प्रति ऋणि नै रहने भए वहां प्रति साभार कृतज्ञता प्रकट गर्दछु पाठक महानुभावबाट अमूल्य सुझावको आशा राख्दैं :– सुझाव प्रति :–

अवश्य साभार बने राखुंला
प्रयाश अर्को अरूमा म बाचुला

ऋषिराम न्यौपाने
चापा गाऊ, ल. पु.

# बसन्त र बिरही

प्रभातको सुन्दरता छचल्किई
बसन्तको आगमले खुला भई
अहो ! प्रभामण्डल रम्य देखियो
मुराद साग जनको पुरा भयो ॥१॥

प्रभात फेरी हसिलो गरीकन
रमाउछन् अन्य चरा हजारन
सुवासना पूर्ण छ शैल–कानन
बसन्तमै मिल्दछ पूर्ण गुंजन ॥२॥

अमूल्य शोभा सरिका भए बन
सुशोडषीझैं मधुग भईकन
डुसाई राम्रो नव – पालुवाहरू
लता झुलेका कति हा ! मजाभरू ॥३॥

महामर्णी कान्चतुल्य दृश्यमा
छ घाम पर्दा बनका वसन्तमा
सु सेलि खेली मदमस्त छन अब
कही कमीछैन पुरा भयो सब ॥४॥

हसाई सारा जन - शैल-कोईली
कराउंछे को ? भनर्द सुसेली
नवीन छाया र विशाल वैभव
मिलेर मीठो छ बसन्त - जीवन ।५॥

झरै पुराना र सडीगलो सबै
बिपीनका पात र रक्त पालुवा
बहाई हावा रसिलो स्वभावले
पराग छर्दो छ नयां बसन्तले ॥६॥

गए बितैरे शिशिरे कुरा किन ?
रहन्न कालो कुहिरो कुनै दिन
नघाम चर्को नत शीतकै भय
त्रुटी कुनै छैन र छैनविष्मय ॥७॥

बयस्कको के ? सब-बृद्धनै पनि
बिमुद्ध छन् होस र जोशले गुनी
बसन्तको आड–बिचार गर्दछन्
नजाउं व्यर्थै अब अन्त भन्दछन् ॥८॥

बहन्छ हावा छबिझै छ साथमा
पराग यस्को मधुरो छ बासना
तथापि कोही नगमेर दुर्दिन
बताउछन् हा ! मत मन्न सक्दिन ।।९।।

अहो ! प्रभामण्डल नै रमाउदै
बताउला बत्सल उठ् न उठ् न रे
भनेर आमा उहि होश माहस
दिएर भन्ला, किन खुन्दुलीडर? ।।१०।।

विमुग्धकारी छहरा र निर्झर
बिचार पोख्छन् मधुरा र सुन्दर
सुबासना उत्तम नाम जन्तर
छ भित्र के व्यर्थ तलाइ यो पिर ।।११।।

छ कोपिलो रङ्ग-बिरङ्ग-निर्मल
अनन्त शोभा लिई फूल बन्दछ
बसन्तहो, कातर व्यर्थ भाग्दछन्
छ भावना भाबुक मात्र जान्दछन्।।१२।।

सफा बिछुट्टै हसिलो छ व्योम रे
रमाईला राग मिली भू-भा भरे
फिजाउला दिव्य - अन्नत - कालनै
मुहार आफ्नो रमिलो पुरातनै ॥१३॥

तलाउ भित्रैछ बिचित्र देखिने
बिभिन्न छाया नाट - तुल्य नाचने
बसन्तकै भाव–प्रभाव पोख्तछन्
मिलेर तारा - गण देव हेदछन् ॥१४॥

भू - भागमा आंगनगा मटानमा
विशाल कोठा र मचान, झ्यालमा
छ पूर्ण शोभा पथ नै छ लगभग
अपार आनन्द खुशी छ मगमग ॥१५॥

छन् कोईली मस्त, मयुर नाच्तछन्
पतङ्ग उन्मत भएर झुल्दछन्
छ झुन्झुनी चिर्बिर चित्र लेख्तछन्
चर्चा चर्चा चूं चचरा कराउदै ॥१६॥

मिलि-जुली हाय ! चुसी मिठा रस
रमाउछन् यी भ्रमरा नयां रस
बसन्तको स्वागत--गान छिन्--छिन
रहन्छ त्यो तैपनि भन्छ दुर्दिन ॥१७॥

छ साथ जस्को युवती पतिसित
उल्लासले कान मिलाउछे स्वतः
भनाउछे नित्य बसन्त आउ रे
कराउदै चंचल भै नजाउ रे ॥१८॥

हुने पियागहरू अन्त बाहिर
गरी बिलौना अबला निरन्तर
नपाई सन्देश अहो ! कराउछन्
बसन्तको बाण बिजेर छातामा ॥१९॥

लगाई राम्रा मुजुरा बसन्तको
घुमाउदै प्रीत मलाई साथमा
लगाई बाला प्रोय षोडशीहरू
रमाउछन् कानन भित्र हर्षले ॥२०॥

छ गर्भ राम्रो छवि पूर्ण कामले
छटा खुलेको छ विचित्र – भावले
बढेर नै भित्र निरर्थ बासना
हतासियो हो तर व्यर्थ याचना ॥२१॥

प्रिया गई अन्त हराई रे भनी
पछाडि खोज्दै उ गयो उतै अनि
हतासिसई क्यौ नगमेर यस्तिर
उता गयो व्यर्थ विषादली तर ॥२२॥

यही थिई खिन्न थिई बसन्तमै
अजानमा नै नचिनी निरर्थमै
बिदिर्ण भो के र विनोद हुन्न रे
भनेर गो के ? विरही भएर नै ॥२३॥

प्रभाव कस्तो महिमा अगम्य हो !
छिया-छिया त्यो दिल भित्र चोट भो
प्रियाछ आफ्नी संगमा भने सब
हुने नभे आखिरमा बडो दुःख ॥२४॥

नयां जुटाई कवि भाव पोख्तछन्
चलाउदै लेखनी गीत गाउछन्
गरोब माग्ने प्रतिभा बडाउदै
वसन्तको आगमले रमाउछन् ॥२५॥

अथाह गम्भार विशाल भावना
छ शक्ति सम्पन्न समान कामना
छ पल्टिएको पहिलो परम्परा
नयां छ ज्योत्स्ना रसदा सनातन॥२६॥

अभिज्ञ छैनन जन-विज्ञछन् सब
स्वतन्त्र छन् शक्ति समक्त छन् सब
कठोर क्यौ छैन विभेद जन्मको
विशेषता वैभव यै बसन्तको ॥२७॥

कहीं कतै छैन मलीन खिन्नता
विमुग्धछन, विज्ञ - विमूड वेपत्ता
वसन्तले पण्डित छन प्रतिष्ठित
अविज्ञ छन् मूर्ख र खिन्न कातर ॥२८॥

भयो तलाई किन कष्ट आखिर
घरै थेरै छ कान्ता दिलदारकी तर
नपाई मौका गइथो उ माइत
मिलेर आई रमणीय स्वागत ॥२९।

असंख्य उस्कै गुणमा छ निर्मल
अनन्त आभा सुषमा र शीतल
छ विश्व नै मोहित, यो बिडम्बना
नहो नता हो अगुणो कुभावना ॥३०॥

सतित्वले भोग र स्वर्ग मिल्छ रे
पतित्वले प्राण र मान मिल्छ रे
पराइ जोई र पराइ पोइमा
नमान होला नत भोग विश्वमा ॥३१॥
भोग

सहायता केवल राख सम्झना
नभै घमण्डी जन भाव कामना
बुझेर बस्दा प्रिय हांस्दछिन् किन
अभिज्ञभन्ने दिल भित्र दुर्दिन ? ॥३२॥

विचित्र संसार हरे ! विभिन्नता
वसन्तमा छैन थिएन खिन्नता
तथापि आश्चर्य र के छ वैगुन
तलाई भन्न किन कोहो दुर्दिन ? ॥३३॥

अपार आनन्द थियो बुझी दिए
नजानिदो आशय मात्र नै लिए
गएर नै बाहिर मिल्छ केर पो ?
निरर्थ दिन्छन् किन हाय तनमन ॥३४॥

रहस्य भित्री नबुझी बुझेरनै
नशापिई केवल अन्ध वेगमै
नजाउ कान्ता--घर छोडी बाहिर
निरर्थ माया अवगाल आखिर ॥३५॥

छछाप अभ्यन्तर भित्र जो त्यही
परोरहेको पहिले अझै उही
स्वभाव आफ्नो गतिले जनाउने
तथापि वेश्या सरि नै रमाउने ॥३६॥

थियो पुरानो जुनभाव भित्रको
उमा र उसको सहभागिदारको
स्वभावले नै जनिए उदाङ्गिई
संसार बेग्लै प्रकृति–स्वभाव हो ॥३७॥

नपाई कोहीसित प्रश्न गर्न रे
तसर्थ मैने दिल भित्र गम्दथें
वसन्तको बाण कठीन भो किन ?
वियोगी वन्नहरुलाई छिन् छिन् ॥३८॥

थिई प्रिया माईतमा भने किन
उ आउदामा मन ? फेरि दुर्दिन
बियोगिठान्ने किन प्रेम बिव्हल
भएन उस्को दिलमा र निर्मल ॥३९॥

स्वयम् बुझ्यौ जो जतिले चिन्यौपनि
बसन्त--कान्ता हुन आफनो भनी
बिनोद हो मूर्ख भयो र नै भयो
बियोगिवेश्याहरुमा रमाउदै ॥४०॥

चिनेन उस्ले अथवा चिनेर नै
रहस्य भित्री नबुझी बुझेर नै
मुराद राखो अरुनै र हों किन ?
बसन्तलाई पनि भन्छ दुर्दिन ॥४१॥

कता--कता हो कुबिचार राखने
मनुष्यमा मानवता रहन्न रे
बिचार, मनमा तटबाट बाहिर
समान माछो हुन जान्छ आखिर ॥४२॥

अं ! यो भने निश्चय साथ भन्दछ
पराइमा जो मन खाली राख्दछ
अवश्य आनन्द हुने थियो यही
हुंदैन आफ्नो अरुता कसै कहीं ॥४३॥

गमेर सारा दिलभित्रका कुरा
बुझेरनै झैं सब देखिई पुरा
हटाउने प्रश्न बिचारली पनि
बसन्त नै भन्दछ ए सुने ? भनी ॥४४॥

भनेर केभो नगरी विचार ए!
वितर्क हो केवल छैन सार रे
पराईमा व्यर्थ भनेर के हुने
असार संसार गुनेछ देखिने ॥४५॥

उ चिन्दथ्री जान्दछ जानी-जानी रे
विलासको केवल खानि खोजि, रे
अभीष्ट–पूर्वाग्रह -- स्वार्थ साधन
बसन्तलाई उत भन्छ दुर्दिन ॥४६॥

बसन्तको वैभव -- बाणले चत
बहाई आंसु बनि खिन्न आहत
बिकल्पनामा प्रति प्रेमिका भनी
बियोगिभो बाहिर रे स्वयम् अनि ॥४७॥

असक्त भी स्वप्न सकेन बाण यो
बसन्तको वैभव भेट् न खोज्छ यो
अहम्पना भाव विचार हर्दम
स्वयम् लिई हा! तब मान्छ दुर्दिन ॥४८॥

छ एकलो साथ कुनै रहन्न हो
लगाई भित्रो दिल क्यै दिदैन हो
पराई पत्नीहरूले स्वयम् गुन
गराउने घायल मात्र हुन् मन ॥४६॥

कुलाङ्गनाका कातिका कुरा काहून
उनै छ खाको अरुलाई के दिने
लुकी छिपी जो ममता दिलाउछे
भविष्यमा ताप लिई बिलाउछे ॥५०॥

हराई सारा मति व्यर्थ जीवन
गुमाई बिश्वास कुचालले दिन
बिताउथ्यो ल्याउछु त्यौ भनेर रे
गएर के मो तर खोजन औसर ॥५१॥

मिलाउनेछिन् दिलमा मलाई रे
रमोउने छन् दिन प्रीत पाई रे
खुला र सांचो सहयोग पाउने
विचार राखो उ स्वयम् रमाउने ॥५२॥

थिई जहां त्यो पहिले दिई मन
बिचार गर्थी अहिले कुलाङ्गना
कटाक्षलेहाउ र भाउ छर्दछे
सिवाय आफैं असमर्थ ठान्दछे ॥५३॥

कराउदै आर्तपुकार रोदन
गरेर भन्दै म भएं निरुद्यम
वताई रुन्चे स्वरमा कुरा सब
भनी बस्यो प्रेम मलाई घौ अब ॥५४॥

छ आश तिम्रै भरमा छ जीवन
संसार सारा तिमिमै छ तनमन
बसन्तले पोलो रहेछ चर्चर
ल हेर कामी मुटुनै छ थरथर ॥५५॥

लगाउछयो प्रेम भने मबांचुल्ला
वसन्तको गर्व मिलेर भांचुला
छिटै तिमी खोलर ओठ बोलिधौ
कबोल व्यर्थ पछि हुन्न ~~संभित्यौं~~ ॥५६॥
सँभित्यौं

कहालिदो जीवनमा मलाई ता
बिझेर कांडा सरिने अतातता
अशक्त मेरो दिलमा मलाम झैं
घसेर मया रसिलो बनाइयौ ॥५७॥

बचाउ मेरो प्रियप्राण इज्जत
बढाउ आफ्नो पनि मान हुर्मत
छ केर मेरो ? तिमी मै छ अर्पण
छ नै प्रतिज्ञा पहिल्ले समानको ।५८॥

खुले जसोरी अघि कोशी गण्डकी
अझै खुलुन धेर मिलेर योजना
समथछ्यो लो तिमीनै म के भनु ?
अबेर भो तमनुपछ तमसनु ॥५९॥

नुहाउली मत भएर नाचुला
जलाउली दीप मिलेर हांसुला
चकोर झैं चातक लुक्दछन् अनि
दुबै भुना एक गराई बांचुला ॥६०॥

बुझी निराधार गुनी निराशय
मलाई पारी उसले पराजय
कराई कौवाहरुले बिगार्दैछन्
मलाई निस्प्राण गराई लुछ्तुछन् ॥६१॥

चियाउदै भामिनी ? तारकागण
रुवाउलान् हेर त फेरी बासना
शरीर ठटासगिलेले कुरा गरी
निभाउली लौ बसमाछु हे परी ॥६२॥

नछोड बाचा म कबोल छोड्दिन
शरार तिम्रो छ अगाडी मर्दिन
भयो ठुलो बेहद कष्ट यातना
मरे ! मरे ! भो किन हुन्न सान्तवना ॥६३॥

छ सान्त्वना मात्र भने मलाई यौ
भएनता प्राण गयो बिचारि त्यो
मरें भने सम्झ ठुलो हुने खती
बिचार तिम्रो भर श्राउ सम्पति ॥६४॥

भने सबै हाल, सुनी पनि सक्यौ
स्वयम् गमी सोंच समर्थ भै सक्यौ
विशाल तिम्रै मनमा छ के भनु
सबै भनें राख नराख यो तनु ॥६५॥

सुनी गमी, हालपुरा वियोगिको
गराई फोश्रा ममता विचारको
म खोली केही पनि भन्न सक्दिन
उसो यसो गर्न नधाउ छिनछिन ॥६६॥

मलाई नै भित्र छ कुतकुतो भय
खुलाउने छन्न कि भनेर आशय
त्यही रहेकाहरुले कसो गरुं
मलाई बिर्से, अरू धेर के भनु ॥६७॥

अडी यसो फेरि बिचार राखुंला
स्वभाव कस्तो दिलमै म सोचुला
बियोगि ए ? साहस हुन्न सत्वर
मुराद भित्री छ तथापि भो डर ॥६८॥

मलाईता माईति छन् निकै पर
उ आई हास्छे घरकै अघिल् तिर
मलाई होला अवहेलना भय
छ भित्र उस्को अरु के छ आशय ॥६९॥

कुरा सुनी झन् असमर्थ भैकन
बिचार भित्रो अब छैन जीवन
गमेर आफैं निरका छचल्किए
दुवै कुना आस मरी हटी गए ।७०॥

नपाई केही सुख मान संगम
झलक भो ज्ञानहरे ! ससम्भ्रम
म निस्किए व्यर्थ बिना बिचारले
भनेर तर्सन्छु गमेर चित्तले ॥७१॥

छ यौ भने अन्यमनस्क योचन।
गरेर बेकार हुनेछ भावना
अवश्य सम्झन्न तथापि त्यो अरु
लगाई सारा मन भन्छ के गरु ? ॥७२॥

नपाई प्रीति रसराग संगम
बिलाई सारा मति हाय हर्दम
मरे सरो तुल्य सबै बिचार्दछ
तथापि बिर्सन्न र ऊ पुकार्दछ ।।७३।।

गरी अनेकौं मनमा कुतर्कना
सहाय खोजेर नदी किनारमा
छिटै पुगी नेत्र लगाई हेर्दछ
बिभात्रिको केवल हास्य देखतछ ।।७४।।

बटारिएको दिलले कराउथी
नशापिई चन्चल भै लजाउथी
थिएन होला भय के हुँदैन र ?
मजा स्वयम् व्योम बसन्त लुटछर् ।।७५।।

हराई आशा दिलमै निराशिलो
कराउदा छाती पिटी उदासिलो
गरेर धिक्कार अरण्यरोदन
रहन्न माया कुलटाहरू कन ।।७६।।

गरुन् कतिलाई गरेर के हुने ?
मरुन भने आखिर आई को धुने हुने
तथापि वेश्या बनी फाल्दछन् किन ?
हरे ! उसै मानव प्राप्तजीवन ॥७७॥

थिएन कोही निरुपाय नैभयो
अशक्त आसक्त छ बाणचस्कियो
भएन योगी, किन भो वियोगि रे ?
रहेन उस्को मति भ्रष्ट बन्छेर ॥७८॥

कुलाङ्ग नामा अङ्क राखी तन्मन
बिनोद आशा लिई भन्छ छन् छेन
प्रिये ! पियारो दिल-देखि बाहिर
गराइदा भो म मरेनिआखिर ।७९॥

मलाई जे हास् तर राख आबरु
रहन्न मेरो दिन प्राण लौ अरु
बि-चित्र कस्तो कुलटाङ्गनाहरु
बिचार गर्लान ? ममता र आबरु ॥८०॥

रहन्न मन्‌मा ममता दया तर
विचार गर्दैन मनुष्य के छर ?
रमाउछन् केवल अर्थ खातिर
दिलाई आशा सब भित्र बाहिर ॥८१॥

लिएर उल्टो मति मूर्ख मानव
निरर्थ सन्मान गराउछन् तब
उही पुरानै पथमा दिई मन
भविष्य बन्लार ? बनेर जीवन ॥८२॥

अकालमै जीवन काल सम्मुख
स्वयम् लगेको अझ पर्छ झन दुःख
जलाई आफैं विराहाग्नि दन्दन
सुकाउछन् सुन्दर मूर्ख जीवन ॥८३॥

रहन्न के ? यौवनमा मती कति
रहन्छ राखे दिलभित्र नै रति
अधीर नै कानन भित्र छोडने
अवश्य हुन् देखि वसन्त तर्सने ॥८४॥

गयो जहां ऊ तर हुन्न सान्त्वना
बियोगिलाई नदीका किनारमा
हुनेर नै के ? मति बिग्रिए पछि
हुने थियो योगि भए अरु कति ॥८५॥

गई घना जङ्गलमा बसी त्यहां
बिताउंला जीवन स्वच्छ भै त्यहां
बिचारनिस्क्यो सहसा त्यहां पनि
अशान्तिले त्यो लहरा टुट्यो अनि ॥८६॥

~~हुँदैछन्~~, सबैं ठाउं सफा सफा दिल
भए लिए दुर्मती हुन्छ निर्बल
बिनास मानी असमर्थ भैकन
रुवाई बस्ला अभ्र आश छिनछिन ॥८७॥

असत्यको पाउ हुन्दैन भन्दछन्
हजार--बाधा र लडेर मर्दछन्
नदी हओस जङ्गलनै घना हओस्
बसन्त आओस् अथवा कुनै ऋतु ॥८८॥

अशान्तिले जीवन छाई व्यग्र भो
समस्त अप्राप्य रहेछ याद भो
त्यहां गएतापनि काम के भयो
अमूल्य पैला दिन बिर्सिए पछि ॥८९॥

निदाई सारा दुःख दर्द बिर्सन
निदाउने आश लियो दिई मन
कसोरि मिल्ला र तथापि सान्त्वना
मडारिनेछन् बनी स्वप्न भावना ॥९०॥

सगर्व आवेश लिएर निस्किए
म व्यर्थमा हा ! तर मैं पछारिएं
प्रपञ्च माया छलमा परे परे ?
असार यो आशय ली मरें मरें ? ॥९१॥

नशालुले भैं गरी बर्बराउंदं
अनेक ताना लिई गुन्न थाल्दछ
निरर्थ मेरा दिन व्यर्थ मैंगए
मुराद सारा विपरीत भैं भए ॥९२॥

विचार अर्कै लिई भित्री आशय
असत्य बाटो छ लिएर आलय
विनष्ट गर्ने बुझ्नी तो वना--वन
अचम्म मान्थे--सुनी व्यर्थ रोदन ॥६३॥

मरे ! मता प्राणप्रिया वियोगले
छिया छिया आति हुदैन रे भरे
मरेर आशा मृत तुल्य भै गए
बिचार तिम्रो नहुदा म बिग्रिए ॥६४॥

भएन मेरो ईतिहास मेटियो
सहायता ए ! गति बन्द रोकियो
कथा महा दन्त्य कथा स्वयम् भए
बिचार लौ प्यार हरे ! कतागए ॥६५॥

सुकोमलाङ्गी कमनोय कामीनी
झलक्क देखे झई तुल्य भीमिनी
मजा छ कस्तो रुप--शील--यौवन
सकिन्न त्यो वर्णन गर्न आनन ॥६६॥

बिमुग्ध भो झन मननै रमाउदा
शरीर कांप्यो मुटुनै कपाउदै
तथापि ए ! भामिनी शुष्क कण्ठले
पुकारदै गर्दछ याचना दिल ॥९७॥

ल स्वर्गका सुन्दरता लुटेर
अकाशका चन्द्रत टिप्न सक्दछौ
मलाई चांडी भन देवि सुन्दरी
पराईलाई लिन हुन्न मन् परी ? ॥९८॥

बियोगि-व्हौ योगि भए रमाउथे
हिमाल झैं माथ हसाई बस्द थे
स्वयम् तिमी अज्ञ बनेर हो किन
बिगार्दछौ, मानब व्यर्थ जीवन ॥९९॥

छ यो अहा ! पूष्प--समान यौवन
गरेर गम्भीर बिचार जीवन
सपार आफनो मन राख ठाउमा
नफाल व्यर्थै अब काल विश्वमा ॥१००॥

असंख्य प्राणी जीव खान खोज्दछन्  
मनुष्यलाई, नर हेरु मान्दछन् ?  
स्वयम् तिमी नै भन खाउ भन्दछौ ?  
निरर्थी यत्रो नर देह फाल्दछौ ? ॥१०१॥

बिचार जो आउछ सोच हर्दम  
नगर्नु सोचेर बिना कुनै दिन  
घमण्ड वा शेखी सदा हटाउदै  
महत्व कामीभन्न धैर्यतालिई ॥१०२॥

नुहाउ आफनो मनका तलाउमा  
छ भित्र आत्मा मलनाशने नदो  
हुदैन केही पिर--ताप हट्दछन्  
सुवर्ण मौका ईतिहास बन्दछन् ॥१०३॥

सुनी छिटै जाउ नदोमहाँ अनि  
नहाई आए, अब बेर भो भनी  
भनें गएं सम्यम पूण्य तिर्थमा  
रहेछ सोचे जल--शील हुन्तट ॥१०४॥

दया ठुलो सागर--छाल बन्दिने
गरी त्यहां सेचन देह चम्कने
बताउनेछन् सरिता सुदुस्तर
हुनेछ संसार ससार सुन्दर ॥१०५॥

भई निकै चन्चल यौवना प्रति
मलाई देखी अथवा कुनै अरु
विमुग्ध हुन्छौ किन मिल्न तत्पर
विमोह भै के लिनलाई मिल्छ र? ॥१०६॥

अबेर भो जाउ बिनोद भावना
हटाउ चाडै कुविचार भावना
मुराद राम्रो लिनु पर्छ बाहिर
बसेर के हुन्छ र ? हुन्न आखिर ॥१०७॥

छ खाली सेवा महिमा बढ़ाउने
असीम आनन्द दिने दिलाउने
छ भित्र प्यारो दिलमा दिए मन
रहेछ के बाहिर ? के लियौ मन ॥१०८॥

कुवासनामा मन लाउनेहरु
बिगार्दछन् जीवन नै खुरु-खुरु
अधोर भै बाहिर खोज्न धाउछन्
असह्य आपत दुःख दर्द पाउछन् ॥१०९॥

सुधीर सारा दिलमै रमाउछन्
जगाई सारा भव नै हंसाउछन्
अबूझ रोई दिन-रात फाल्दछन्
सुवर्ण मौका इतिहास मेट्दछन् ॥११०॥

अचम्म मानेर गुनो उठे छिटो
सपार सारा दिन बोली निस्कियो
त्यहां थिईनन् सपना थिए सब
कि वा थिए ती बिपना भए भ्रम ॥१११॥

विशालता सारमयी पवित्रता
अकाट्य आदर्श अनन्त शान्तता
प्रकट भए सत्वर शान्त शीतल
मिली नदी भाव अनेक कोमल ॥११२॥

मलाई हेरी सरिते ? बताई द्यौ
मलाम भित्री दिलको लगाई द्यौ
तिमी बिना छैन सुधारने अरु
बुझें गयो होस रहेन के गरुं ? ॥११३॥

अथाह बृतान्त बताउदै थियो
स्वरुप मैं त्यो सपना बनी दियो
सुकोमलांगी सरिता उ मन्दछिन
कथा त मेरै दिलले स्वयम् बुझ ॥११४॥

लगाउ सारा मन वेदना मुक्ती मुक्ती
जलाउ अज्ञान सुधी स्वयम् तिमी
बनाउने बीर र शान्त हो मन
गराउने सुन्दर सार जीवन ॥११५॥

हिमालकी छोरि, हिमाल आलय
मलाई जानें म थिएं निराश्रय
म खोज्दथें संगम सागरादिको
तसर्थ लम्के भई जान तत्पर ॥११६॥

निकै भयो बेहद-वेदना घुमे
असंख्य बाधा बन भित्र नै पसे
मिलेन शान्ती बरु मार्ग रोकियो
शरीर नै पत्थर बाट घोटियो ॥११७॥

लिदैनथे नाउ नदी कुनै भनी
समुन्द्रको साथ नपाउदा पनि
विचार अर्को नलिएर प्रायसः
कराउथे क्रन्दनले अहर्निश ॥११८॥

अगाडि आई गिरि-राजले भने
हुँदैन छोरि किन गर्ब जोस हो गर्व
सपार सेबा गरि पूर्ण जीवन
पछाडि मिल्ने छ समुन्द्र संगम ॥११९॥

हतारले आतुरले बिहोसले
रहन्न राम्रो सुन नाउ विश्वमा
लगाउ प्यारो दिलले सधाउ रे
तमाम् छन् काम सफा, गराउ रे ॥१२०॥

अपार यो जीवन सार विश्वमा
छ नाम यौटै गर काम याममा
प्रदान सेवा अरू गर्नु के छर ?
हुने छ सारा रमणीय सत्व र ॥१२१॥

जुटी मिलो यै घरमावसी गरै
अमूल्य सेवा पहिला अघि सरै
फलाउने विश्व विचार रात्र र
मिलाउला छाती खुलेर सागर ॥१२२॥

म मान्य सन्देश सुनेर छिन्–छिन
गुनेर पाए दिल भित्र जीवन
पछाडि लाग्छन् र ? मरे पछि अरू
भुलेर बस्लान शथलाइता अरू ॥१२३॥

मनै गरु सोख मनै सबै भनी
हिडी दिएको म भए मरेपनि
रहन्नथ्यो नाम रहन्नथे मनै
बिलाउथे सागरमा लिनै उनै ॥१२४॥

नदी र गंगादि अनेक नाउले
पुकारिएको किन हेर विश्वले
रहेछ सेवा अमरत्वभावना
पुकार्दछन् यै मनमा छ सम्झना ॥१२५॥

भुलेर आफ्ना घरका कुराहरू
हिडी दिएको यदिहो भने अरू
लिएर नै नाम पुकार्दथे किन
म पाउन्थे सागरलाईनै, गुन ॥१२६॥

थिए त्यहां दानव जन्मिए जहां
नजानजा बाहिर भन्दथे कहां ?
मलाईनै थाह थिएन भर्खर
पलाउदा यौवन रूप सत्वर ? ॥१२७॥

म जान खोज्थें घरबाट बाहिर
मलाई विजथे बनी बाण आखिर
नपाउदा साथी म जोश राख्तथे
असह्य आघात बनेर पोल्दथे ॥१२८॥

म रोई रातीदिन हाय ! कट्दथे
स्वयम् म भाग्ने दिल आट राख्दथे
मलाई भन्थे त गईस् भने नदी
अघोर आपत्ति हुनेछ भन् खति ॥१२९॥

नपाई साथी दिल दारको कुनै
म बस्दथे खिन्न रुदै कराउदैं
मरे सरी जीवन--काल ठान्दथें
तथापि सेवा सक्कै पुरयाउथें ॥१३०॥

मलाई रोईछ, गुनेर छिन्--छिन
असैह्य बाधा पिरले कुनैदिन
बताई सांचो दिदीले नरोउन
रहस्य भन्दै जडता हटाउन ॥१३१॥

स्वभावलेनैं सबले बिचार्दछन्
समग्र आफना हक मान पाउछन्
चराचरादि सब बिश्व बागमा
रमाउछन् काम गरी बसन्तमा ॥१३२॥

अचम्म लाग्यो सहसा म हांसुला
मिलेर राम्रा उपदेश आटिला
स्वयम् उदाए मन–भित्र भावना
रमाईला प्राण समान कामना ॥१३३॥

रहेछ सांचै मन भित्र जांगर
बसन्त मै वैभव सुख सागर
लफकं फकँ बिरही रमाउदै
पियारि आफनी घरबार सम्भदै ॥१३४॥

यहा कुनै धाक रवाफ लाउलान्
कुनै अरू रोक्न भनी बिलाउलान्
छ शक्ति, सेवा गर काम शान्तिले
स्वतन्त्रता मिल्दछ पंच--तन्त्रले ॥१३५॥

छ देशनै उतम स्वर्ग तुल्य हो
गरेर सेवा उसकै अमूल्य हो
समुद्रको संगम सोच मानले
हुदैन राम्रो अरुता विमानले ॥१३६॥

दिदी म तिम्रै सरिते सुधामयी
सुसभ्य शीला–सरला सुसंस्कृति
छ पन्चतन्त्रीय तरंग शीतल
मुहार भन्दा पनि भित्र निर्मल ॥१३७॥

स्वयं बिलाई भयलि मरे भनी
निरर्थ अज्ञान उडाउछन् भनी
नहडबडाउ, तिमी जान बाहिर
स्वयम् छ खुल्ने पथ, मिल्छ सागर ॥१३८॥

अगाडि आफ्नौ घरको सफा गर
पछाडि जाउ घर बाट बाहिर
त्यसौ हुदैनन् अरु बाहिरो वर
गरेर देखाउ सबौ दिनन् भर । १३९॥

छ भव्य त्यौ आल्य स्वर्ग तुल्य हो
स्वदेशकै गौरव मात्र मान हो
भएर के ? दानव हट्दछन् स्वतः
हटाउ आफै लिई शस्त्र शान्तिको ॥१४०॥

मञ्चाउलानै पछिघाट सम्झना
गराउदै शक्ति मिलोस् छ कामना
समुन्द्र भै भेट गरौली भेट्ुला
मिलो दुबै दानव चाल मेट्ुला ॥१४१॥

पिताजिका सत्--उपदेश उच्च छन्
तसथं हाम्रा दिल शुद्ध बुद्ध छन्
प्रबुद्ध सन्देश लिएर बांचुला
हटाई कालो तम बिश्व देखिनै ॥१४२॥

बिभुती हो सेवक भावना गमे
सुभावनानै बिभूति दिलाउने
सुदिव्य देहो ऋषि बृन्द भन्दछन्
प्रबुद्ध बन्दा नहुने छ के ? कुनै ॥१४३॥

सनाम संचार भयो सफा, भए
स्वयम् अगाडी सरि मार्ग शान्तिले
लिई सदा धैर्य बिचार कोमल
स्वयम् गरे द्वार खुला छ निर्मल ॥१४४॥

पिटे मलाई कतिले पिच्छा गरे
लुछे थिचे रोकिदिए पछारिए
तथापि मैले सम--सार बिर्सिन
दिए उनलाई ससार जीवन ॥१४५॥

ल हेर ती स्वागत--गर्न तत्पर
मलाई नै आतुरछन् किनारमा
दियौ ठुलो ज्ञान दिलाउछौ भनी
सशक्तछन् ुच्च विचार पोख्दछन् ॥१४६॥

प्रपच मायामय जाल त डना
मुराद उस्तै छ र छद्म भावना
लगाई बुद्धि बल युक्ति संगत
अझै हपार्थे किन हट्दथे मत ॥१४७॥

कडा निकै कष्ट दिने ती पत्थर
बनी तिखा वाण सदा समन्ततः
मलाई रोक्थे भय शोकले पनि
प्रहार गर्थे सब एक भै तिनी ॥१४८॥

कठोर आज्ञा बलकै कुशासन
चलाउथे सेवक राखी लाखन
भए हरे केवल स्वर्थ साधना
बिलाउदा दैविय पद्धति प्रथा ॥१४९॥

विशीख ठान्थे मुटुनै छिया भई
कराउथे कोननमा म गर्जिई
तथापि त्यो रोदन सुन्दथे किन
अठोट राखेर म लम्किने दिन ॥१५०॥

नमानी केही भय स्वच्छ भावना
लिई तिनैमा पनि प्राण भर्दिए
अशान्ती कति नलिएर शान्त भै
सुनी सक्यौं छन् अब गर्न स्वागत ॥१५१॥

छ सार यौ त्यो ईति वृत्तको सुन्यौ
बिचार के भो ? मनले कति गम्यौ
कुरा छ लामो ईतिहास बन्दछ
अबेर भो भित्री मुराद भन्दछ ॥१५२॥

कति बुझे बुझन कठिन भो कति
तसर्थ बेरै हुनगो भने अति
मलाई सारांस बताई कामको
सफा गराई दिनु होस् भन्यो अनि ॥१५३॥

सुनी लियौ जे जति ज्ञान संझियौं
प्रशस्त भो त्यौ उपदेश जो लियौ
बिचार सोचेर उठेर हेरर
गई गराऊ घरबार सुन्दर ॥१५४॥

सदारहे शान्त र धोर पावन
सदा मिलुन् भाव-बिचार उन्नत
सबै रहुन् साथी सांगी छ कामना
अबेर भो भन्न मलाई बन्दना ॥१५५॥

सबै म भन्थे ईति वृत्ततै पनि
हतास भै आंसु बहाई बरबर
अवश्य रुन्छौ असमर्थ बन्दिई
रहन्न मनमा अनि काम के हुने ॥१५६॥

बियोगि फेरीनत् भै कराउछ
अनाथ यो जीवन छटपटाउछ
सुने सबै ज्ञान लिएर बन्दथे
समर्थ शाली ऋणी भै रमाउथे ॥१५७॥

तृषार्तलाई जलदान भै यहां
पवित्र होलो दिनु ज्ञान अज्ञमा
यशस्करी उत्तम धर्म ठान्दछु
तसर्थ छोटो ईतिहास भन्दछु ॥१५८॥

अहा ! मसोनो तर सार गर्भित
सुनी सबै सार कुरा समुन्नत
बताउदा पन्छी पशु निरन्तर
बिमुग्धभै दृश्य भयो मनोहर ।१५९॥

अनेक पत्राबलि ज्ञान तन्तुका
बिज्ञानले बिज्ञ बनेर बिश्वमै
बिवाद लाखौ झगडा खडा गरे
बिकामका शस्त्र र अस्त्र ले भरे ॥१६०॥

मनै गुणी पंडित सत्यबादि हुं
महान ठान्ने जगतै म मात्र छु
फलाकने केवल हुन कुराहरू
गरीबको क्रन्दन सुन्छको अरू ॥१६१॥

कठैबरा ! पेट छ खाली भोकले
नपाउदा लाउन रुन्छ शोकले
दयालिनेको दयनीय हालत
बढीरहेको छ हरे ! समन्तत ॥१६२॥

हरे ! बढा बाद-बिबाद-बादल
खिली न छन् भाव-विचार निर्मल
गरीबमा शान्ति छ नाम मात्रमा
मनुष्यता शेष छ नग्न बिश्वमा ॥१६३॥

अकालमै प्राणगुमाई मर्दछन्
गरीब नाङ्गा बिचारा कराउंछन्
बिनोद मिल्दैन कदापि शान्तिको
बहन्छ गंगा गहबाट आंशुको ॥१६४॥

तथापि सुन्दैन कुनै, छ गर्व झन
विज्ञानको बादल शस्त्र बढ्दछन्
छ भीत संसार भविष्यमैं तम
हुनेछ के ? झन द्विविधा छ तन्मन ॥१६५॥

पखाल पैला दिल नै सफा गर
लगाई सांचो मनले स्वयम् गर
अनेक छन् काम बसन्त कै भर
लिएर शक्ति-बल जोडले गर ॥१६६॥

जहां कहीं उम्रिई घासपातले
अपार सेवा गरी मनं तत्पर
दिलाउछन् ज्ञान फुली पलाउन
विभिन्न तिनमा गुण छन् हजारन ॥१६७॥

पराग राम्रो छरि हाय ! फुल्दछन्
परार्थ मै प्राण दिएर मर्दछन्
सजाउछन् भव्य बनाई विश्व नै
हरा भरा शैल हजार काननै ॥१६८॥

बिभिन्न छन् आशय दर्शनीय छन्
तथापि यौटै सबमा छ भावना
हुदैन आफनो छ परार्थ मै मन
तथैव आश्वादय मिठो छ जीवन ॥१६९॥

चरा हजारा र किरा पतंगनै
अनेक जन्तू जीव कात बृन्दनै
परै रहुन पत्थर सम्मनैं पनि
सिकाउछन् ज्ञान बिबेक ती पनि ॥१७०॥

छ साध्य शिक्षा र अमूल्य साधन
पहाड खोला र हिमाल कै भनी
हुदैन खाचो दिल दर्द हट्दछन्
बसन्त आई सजिलो छ भन्दछन् ॥१७१॥

सुधोर मर्मज्ञ छ सार तत्वको
गुनेत शृंगार छ विश्व बागको
रमाउछन् योगि वियोगि छौं किन
हतारले प्राप्त भयो त संगम ? ॥१७२॥

विवेकि रे ! केवल मात्र मानव
विवेकिता छैन भने त दानव
समान भन्छन् तर प्राण छोड्दछन्
विकासमा अल्मलिएर छिन्-छिन ॥१७३॥

सुनेछु सारा दिनरात शीतल
मता सदा ठान्छु बिश्व एक हो
तथापि पैला दिई मातृमा मन
हिर्डें अघी पूर्ण मिलेर जीवन ॥१७४॥

हिडे अगाडी दिई मातृमा मन
हुने टुलों मान अमान कन्चन
अटूट आनन्द र शान्त जीवन
नफाल व्यर्थैं रसदायी पावन ॥१७५॥

रसाऊ पैला घरबार आगन
रसाउने लौ पछि मात्र जीवन
अमूल्य छन् सर्व कला--पलाहरू
नफाल यो मूर्ख बनेर जीवन ॥१७६॥

नमान व्यर्थै भय यौ बसन्तमा
अथाह आनन्दमयी छ भामिनी, !
बसन्तकै भित्र छ नै पुकार्दछन्
सुदिव्य आशालिई सल्बलाउदै ॥१७७॥

लहै-लहैमा नहिडे हिडेर नै
हुदैन केहा किन व्यर्थ बासना
रमाउ आफनै मनमै छ सुन्दरी
हुनछ आनन्दमयीय जीवन ॥१७८॥

सदा बनो निर्भय शान्त भै दिए
बसन्त नै बन्दछ भव्य सुन्दर
बुझिन्छ भित्री दिल मर्म पद्धति
रहस्य सारा किन व्यर्थ बेदना ॥१७९॥

तिनारुले शीघ्र बुटी झिकी दिईन
लिदा लिदै ओझल भै कता गईन्
बुझेन उस्ले अथवा बुझेर नै
सकेन फेरी अरू गर्न बन्दना ॥१८०॥

अहा ! बुटी पाई रमाई फकियो
प्रभावले नै दिल शान्त भै कन
कुभावना शीघ्र हटी गए पर
बसन्त कै स्वागत भो जहा कहि ॥१८१॥

हिमालमा बीज परे र उम्रिई
बढी फुली निर्मल साथ फक्रिई
ससार शान्तिमय पद्म--कुड्मल
भएर नै पोत रहेछ शीतल ॥१८२॥

अनन्त आभा प्रतिभा छचल्किए
धनी र माग्ने सब तुल्य देखिए
सुशान्तिका दिव्य उषा प्रभा पनि
थियो बढो गम्भि र भव्यता अनि ॥१८३॥

थिएन वर्णादिक जन्मनादिले
समाजमा उन्नत भावना दिन
गरी ठुलो सम्यम काम यत्नले
बिभागमा केवल भिन्नता थियो ॥१८४॥

सुकर्म संस्कार र बुद्धि वर्कत
बिचार व्यक्तिगत योझता उत
क्रमैब सामाजिकी कार्यमा भए
पुराण आश्चर्या कथा छटाखुले ॥१८५॥

विभिन्न सन्देश कथा तथा अरू
अधीक राम्रा घटना--छटाहरू
प्रमाण छन्--छन् उपदेश सुन्दर
अनेक विज्ञान र ज्ञान निर्मल ॥१८६॥

पछी त्यसै सत्वमयीय भावना
बिचार नीचार स्वकीय स्वार्थले
भई अहो ! प्रेरित जन्मनादिले
छटा घटी, कीर्ति मयी भयो तम ॥१८७॥

विभिन्न भो वर्ग, बिबाद दर्शन
बिभिन्न आधार खडा भइकन
उदाउदा शोषक शोषणादिले
उसै भए शोषित व्यर्थ कर्मणा ॥१८८॥

बिचार सद्भाव र दिव्य आशय
विभिन्न धर्मादि बनी निराश्रय
कता पुगे स्वार्थमयी प्रवाहमा
अशान्तिकै केवल राज्य भो अनि ॥१८९॥

असह्य बाधा पिर वेदना बढे
समाजले स्वप्न सकेन आखिर
तथैव उत्पन्न भई बसन्तले
नवीन आभा नव पालुवा लियो ॥१९०॥

बिलीन हुन्छन् जब भव्य पद्धति
बढेर उत्पात र उग्र ताडना
हटाउने भाव लिएर उठ्नछन्
सुधीर शास्त्रज्ञ यही बताउछन् ॥१९१॥

थिए बुटीमै उपदेश लाखन
फुकाउदा भाव खुले हजारन
रहस्य भित्री र बिचार चाहिने
समग्र विद्यालय सर्वतो मुखि ॥१९२॥

प्रवाद, संवाद, विवाद नारिको
हटेर भागी ममता वियोगिको
अनिष्ट संयोग वियोग ईष्टथे
दुःखान्तमा नं सब भाव खुल्दथे ॥१९३॥

विरक्तिए, होस बिना म जोसले
प्रिये ! नबुझदा पहिले बसन्तले
हरे ! पुगें बाहिर हो कता कता
अगम्य तिम्रो महिमा रहे यता ॥१९४॥

सरकं मारा अधिका कुरा सुन
जलाउने देह मलाई दनदून
चिरा चिरा बन्दछ छाती चर्किई
चमा मलाई गरी राख काखमा ॥१९५॥

अनन्त आनन्दमयी प्रभातमा
विरक्तिए, मूर्ख बने बसन्तमा
भने भयो रात-दिवा गए गए
अर्कत्यले कृत्य खुला भए भए ॥१९६॥

लहेर रातो दिन काट्दछन् उनै
बिमूढ बिद्वान उनै भनाउने
अमूल्य शिक्षा उपदेश सुन्दर
बिना सुनी बिज्ञ भनेर हुन्छ र ? ॥१९७॥

बिकल्प बुद्धि लिई धीर बीरनै
अधीर भै कातर बन्दछन् भने
बसन्तको हानी नभै स्वयम् उनै
बिनस्ट हुन्छन् उसको छ के खति ?॥ १९८॥

यदा कदा सन्त महन्त पण्डित पण्डित
स्वयम् भुलो, हुन्छ भनेर खण्डित खण्डित
बिचार गर्छन् त अरु व्यथाहरु
थुपार्दछन् अज्ञ बनी अहा ! अरू ॥१९९॥

बिनोदको शैशवता छ के कुरा
बिमूढ बन्ने अरु पोत हुन पुरा
बिकल्प ठानेर रहन्न पद्धति
बस्तुत कै भित्र छ सर्व उन्नति ॥२००॥

उदाउदा ज्ञान रमाई भावना
जलाउदा दीप शिखा सुभावना
हटेर संस्कार खराब जो थिए
लत्तावली – जीवन-पुष्प-फक्रिए ॥२०१॥

अबोध्य संसार-अगम्य भावले
चलाउदै विश्व सदा रमाउने
छ निश्चयै विज्ञ, र तत्व केहि छ
रमाइलो विश्व सदा बनाउछ ॥२०२॥

फिरेर कान्ता तिर भाव उज्वल
विरक्तिएको मन; स्वच्छ निर्मल
विनोदको हाय ! निशा दिवा बने
कठीन छन् तत्व र बुझ्न मुस्कील ॥२०३॥

परेर देखा उसभित्र कीरण
अखण्ड आनन्दमयी विभूषण
अचम्म मानेर बनेर मोहित
विनोद आफै अकमक्क पर्दछ ॥२०४॥

सबै थिए उज्वल पूर्ण शीलले
स्वभावले शान्त र कामले ठुला
त्रिनेत्र मानौं शिव, सत्य, सुन्दर
बनाउने ती भव नै छ सुन्दर ॥२०५॥

त्यहीं ठुला शक्ति र शास्त्र देखिए
असंख्य सन्देश र शान्ति टल्किए
अमोघ शिक्षा उपदेश सुन्दर
स्वभाव आदर्श र सभ्यताशिल ॥२०६॥

अहो ! बिना गर्व र वर्गको भय
बिनासकारी रीस-राग आलय
मिलेर बस्ने सम--भावले सब
रहेछ सांचै दिल--दार भो अब ॥२०७॥

निदाउदा जंगलमा बिनोदको
बनीन् परी श्री--सपना समानको
अहा ! रसिलो विपना बनी यहां
शरीर राख्दो किन पाउथ्यो त्यहां ॥२०८॥

छ आज नौलो रुप फेरि हर्दम
गुनो कथा संग्रह हट्छ रे ! तम
अहो ! जगत आज पुग्यो कता कता
सभीत छन् मानव विश्वका उता ॥२०९॥

परार्थमा रत्ति रहेन रे ! मन
घमण्डले द्वेश बन्यो र के तन
नचाईदा मन्झटमा फसाउन
ल हेर कस्तो छ विचित्र जीवन ॥२१०॥

पराग झैं मानव--पुष्प जीवन
नसम्भिझई भूल-महत्व, क्रन्दन
फुको धूवां युद्ध भयो वडाउछन्
असंख्य बाधा पिर मात्र थप्दछन् ॥२११॥

अतीव भो युद्ध असह्य भै सक्यो
गए छ बेला किन मृत्यु देखियो
मरें हजारा दिन रात मर्दछन्
तथापि सोच्दैंन कुनै हरे ! किन ॥२१२॥

सभीत छन् मानव मात्र हैन, यी
छ अर्थ-राशी, बल-बुद्धि नै पनि
सुसभ्यता संचित कल्प कल्पको
खरानी होला, नबुझे मनुष्यको ॥२१३॥

मरे हरे ! मर्नु सिवाय के छ र ?
बने कुजा लाख भए बिनाकर
बिहीन छन् कण्ठ र नेत्र नै कति
बिचित्र भो दानव चाल झै अति ॥२१४॥

छ भाई चारा चरछन् अनेकन
उभी रहेको लिनलाई नै तन
भिचेर व्यर्थै अरूलाई के लिने
गराई संसार बिनाश आफुले ॥२१५॥

बिनाश कर्ता अणुले तयारछन्
खुला बनाई मुख, क्रोध राख्दछन्
चिहान योटैं हुन विश्वको हरे !
अबेर लाग्ला ? दिन-रात भै दिन ॥२१६॥

मनै बिशेषज्ञ र अर्थ-तन्त्रको
भनेर जान्ने नीति, मर्म व्योमको
पथीक पैलो अभ्क शान्ति, बाद रे
फिजाउछन् हाय ! तिनै अशान्ति रे ! ॥२१७॥

हिरोसिमा नागासिका दिलाउन
समर्थ छैनन् किन ? भस्म भै कन
छ लेखिएको इतिहास पुस्तक
बताउनामा असमर्थ भो कित ॥२१८॥

मिले मजा शान्ति फिजाउने भनी
निराश्रिला कोहि रहन्न रे भनी
बनाई सिद्धान्त अनेक गजना
गरे, भयो केवल एक कल्पना ॥२१९॥

बिहीन भो शक्ति रहेन कल्पना
निरर्थ संयुक्त बिबाद बादमै
फसै पसे युद्ध बटारिदै गयो
फलामको सिक्रि-समान देखियो ॥२२०॥

असंख्य भन् वाद विवाद देखिए
अनेक वाटो र विचारनै लिए
विभक्त भो विश्व विभिन्न मार्गले
मरे, फसे कैयन यै फसादले ॥२२१॥

दबाइए राष्ट्र कुनै धुजा भए
छिया छिया कोई भएर मेटिए
अशान्तिले आज कुनै लथांगछन्
अहा ! कुनै रोई कराई काप्दछन् ॥२२२॥

तटस्थ
तटस्थ भन्ने सब शब्द मात्र भो
सशस्त्र सारा–बलनै विजी न भो
रहन्न यस्तै रहिनै रहयो भने
खरानि वाहेक बसन्त विश्वमा ॥२२३

मरे कुनै छोरि भनी कराउछन्
मरेर पत्नी मननै दुखाउछन्
भनेर छोरा कति पुत्र शोकले
बिताउछन् जीवन नै बियोगले ॥२२४॥

मरेर लोग्ने विधवा रूने कति
भएर सम्पत् हरूको ठुलो खति
प्रचण्डता रोग र शोकको बढ्यो
विनाशकारी विपरीत बुद्धिले ॥२२५॥

विनष्ट कर्ता अणुका तयारिमा
छ भौतिकी उन्नति मात्र विश्वमा
त्यिलाई अध्यात्म बिचार भौतिक
सविज्ञ विज्ञान रहन्छ ? आखिर ॥२२६॥

गरीब भोका बिचरा यि नग्न छन्
ढुटो पिठो सम्म नखान पाउउछन्
छवो-छटा छैन र चैन नाममा
भएन के ? शान्ति कथा पुराणमा ॥२२७

निरर्थ गर्ने किन युद्ध कर्दम
गरीबको रगत चुसेर हर्दम
पुगेन पृथ्वी भरमा र खोज्दछौ !
अनन्त आकाश घुमेर मर्दछौ ॥२२८॥

चलाउदा बालखले मुमाहरू
अदर्शनीय–स्थलबाटता अरू
शरीरमा मग्न रहे सरी गरी
नहुदछिन् यी प्रकृति घड़ी घड़ी ॥२२९॥

अदर्शनीय–स्थलमा छुदा शिशु
हटाउँछिन् मातृ जसारी पन्छिई
तथैव मान्छे प्रकृती हटाउछिन्
रहस्य खुल्ला भनी व्योमबाट हो ॥२३०॥

हटी दिदा मातृ शिशु डराउछन्
हटेर भागी तब शान्त बन्दछन्
हटाउदा मानवलाई त्यै गरी
डराउलान् शान्ति हुनेछ त्यै घड़ी ।२३१॥

अनेक भै अंग विहीन युद्धले
कराउछन् शोक लिएर कष्टले
नपाई बाटो कति गम्दछन् उसै
रिसाउलान् कि भनि आज ती उसै॥२३२॥

कता गए बुद्ध ईशामसाह तो
कता पुगे गान्धी हरे ! महर्षि ती
हिमालका शीतलता फिजाउथे
सुशान्तिका कीरण विश्व पाउथे ॥२३३॥

छ दिव्य सन्देश शरीर पो मऱ्यो
मरे कहां ? तो अमरत्व पो मिल्यो
भएर सन्ताप उनै सरी कुनै
हतारिदाछन् बुझ शान्ति ल्याउन ॥२३४॥

छ शीत वार्ता कही बाखि युद्धको
कही लगाई बल--बाजि देहको
छ होड बाजी जितहारका कुरा
अधीर छन दीन कराउछन् सब ॥२३५॥

फसे अनेकौं किन बादमा उसै
अहो ! बनी शक्ति विहीन नै त्यसै
कराउछन् क्रन्दन साथ जोडले
विलीन भै युद्ध गरेर हर्दम ॥२३६॥

चरक्क चर्की अमिलो तिती बनो
चऱ्याउदा घाउ बनेर युद्धले
विशालु ठानो कटु-तिच्ण सम्भिई
रमाउदा छन् कति मध्य मार्गले ।।२३७।।

भएन केही ? हुन जान्छ मुस्किल
भनूं भने छैन ? छ केहोता तर
अभावले ग्रस्त अपूर्ण मान्दछन्
तथापि आफैं लुकी मर्म छेड्दछन् ।२३८।।

मनै दिएमा अलि मात्र बस्तुत:
ससार शान्तीमय सभ्यता स्वतः
स्वभावले फक्रिई फुल्दथे भुलो
मिलाई राखे मन हामी नै मिलो ॥२३९।

ममा छ अैले तक मन्न आंटता
उमा निशन्देह कमी छ नीचता
छ साथ काही अपवाद बादको
तसर्थ खाँचो छ अझै विचारको । २४०।।

नपाइ हो चानस पाई बाहिर
परै रहेका पनि छन् त आखिर
छ अल्पकै राय र भो बिकल्पता
भनुन् अझै जे तर हो अनर्थता ॥१४१॥

प्रत्यक्ष भै चारू मती ~~स्थती~~ त्यती भनी
कता गईन ओझल भै कता अनि
अचम्भ भो ज्ञान दिएर लोपिदा
मुराद इच्छा नहुदा हुदा दिदा ॥२४२॥

नदेखि फक्यों पर बाट आखिर
गरेर खोजी नमिलेर बाहिर
लगाई माला–सम बाणिहार भै
मिल्यो मिलाई खुशि भो बसन्तमै ॥२४३॥

रहेछ सम्मान-कमान चाहिने
बसन्त नै साम्य सुगन्ध ल्याउने
बिचार भो निःसृत धारणा भनी
समान के हुन्न र ? के नपाईने ॥२४४॥

हुन्दैनरे ! हो उसबाट बञ्चित
रहस्य मिल्ला समता स्वभावतः
भने अलि मात्र बिचार भो भने
भविष्यता उज्वल दीप देखिने ॥२४५॥

छन बाटिका निर्मल पूर्ण शीतल
पर गले मिश्रित–पूर्ण उज्वल
खुला छ बाटो बटुवा उदार छन्
मजा खुशी मस्त बनी रमाउछन् ॥२४६॥

हिमालयै आलय यैं हिमाल नै
पिता र माता बलनैं हिमाल नै
प्रकार भन्दा छ विचार गम्भिर
अतीव राम्रो रसदा सनातनी ॥२४७॥

गरीब माग्ने बिचरा डराउथे
बियोगि औ योगि र कर्म योगि ती
मनाउथे मान्न थिएन कसै भय
रमाउथे हाय ! मिली सबै त्यहां ॥२४८॥

अनन्त उस्मा उपदेश छन् ठुला
महर्षिका ज्ञान तथैव जीवन
पवित्र भो शील स्वभाव संस्कृति
विचार छन् उच्च स्वभाव सन्तति ॥२४९॥

अभेद्य आदर्श परम्परा लिई
पलाउने निश्चय नै ठुलो-भई
नभै निराधार नभै निराश्रय
बसन्तको हाय ! खुलेर फक्रिइन ॥२५०॥

अशान्त गर्ने हरुका कसै गरे
सहायता हुन्न थियो मरे पनि
समान देख्थिन् सबलाई सम्झने
बखान गर्थे दिलले सबै अनि ॥२५१॥

बिनीत थिन् तो अविनीत क्वै भए
पुकार्द थिन् नम्र भएर ओउन
पसी घुट्ट भित्र बुझाउदै मन
लगाउथे योग, समाधि पाउ न । २५२॥

अड्याउने थ्यो चीर काल निसृत
असंख्य ती वीर-कथा सुशोभित
प्रभाव सामर्थ्य र भाव मानव
बचाउने थ्यो दिलदार बैभव ॥२५४॥

बुझी सबै देखी पवित्र भावना
हराउदै कायरता कुबासना
वियोगि फर्की घरमै बसन्तको
रमाउला प्रेयशी पाई साथमा ॥२५५॥

स्वदेशमै जन्मिई देश कै सदा
बढाउने गौरव, विश्वकै, भय-
हटाउने, शस्त्र थिए सुशान्तिका
सका छदैछन् तिनमा सबै गुण ॥२२५॥

नम म्झई गै अरूको जुठो लिई
नशा नशैमा मदले मढारिई
मिलेन आभा प्रतिभा परस्पर
नलाभ भो लाभ त दुःख सागर- ॥२५६॥

बिना बिचारेर रमाई ल्याउदा
पराइका बीज उसै लगाउदा
बढ्यो अहम् दीन–बढे बिते दिन
सुबर्ण मौका इतिहास बिग्रिए ॥२५७॥

अनर्थमै काल गयो हटी, बल
त्यसै भए साधन शक्ति निर्बल
कराउथ्यो प्रेयसी पाई मुग्ध भै
विनोद त्यो अन्य विदूर भै थिए ॥२५८॥

घना थियो जंगल तुल्यकालिमा
कपोल कालो अभ्र केश राशिले
नचाउथी केवल नाच्तथे अरू
डराउथे बर्–बर देखी ताडना ॥२५९॥

थिएन बाटो निम्नुखा रुदा रुदै
निदाउथे ठाउ थिएन क्यै पनि
बिकाशनै शून्य थियो थिए सब
अभिज्ञ छैनन् र थिए ससंमुख ॥२६०॥

नचाहिंदो रीस र राग मात्र भो
स्वदेशकै गौरव मान ठोलिए
खुला भए भट्टि र बार बर बर
नशा लिई मस्त बनेर नाच्दथे ॥२६१॥

असारका बादल झैं मडारिई
नचाहिंदो स्वार्थ लिई घमण्डले
प्रमत्तभै उद्भवनैं हरी दिए
बिनष्ट झै भो नरहेर मातृता ॥२६२॥

भएर यस्तै इतिहास मेटिने
सुसभ्याता संस्कृति शील लोपिने
बिकाम त्यस्तो हुनगो, बिजार्पण
तसर्थ भो निश्चय आफ्नो पन ॥२६३॥

स्वयम् मिले बायू र पानि मृन्तिका
पिए लिए भाव बिचार जुक्तिका
अवश्य फुल्छन फूल कोपिला बनी
अगाडि राखे मन बन्छ निर्मल ॥२६४॥

फुलेर उल्टा बीज--बालुवासम !
फुलेन उल्टै गतिले बढ्यो तम
बतास -पानी र विचार बीजको
सहायता तुल्य थिए बसन्तको ॥२६५॥

भएन के ? भो अनि के ? गरेर के ?
गरे गरेनन् उत सामुनै छ के
विचार गर्लान पछि सम्म सन्तति
रमाई पाएर बसन्त पद्धति ॥२६६॥

हटे गए ताप विषाद खिन्नता
छचल्किएका मनका निराशता
स्वकीयता राष्ट्रियया खडा भए
हिमाल हांस्यो र विकाश देखिए ॥२६७॥

पराई आफै नभए परांमुख
स्वयम् रमाई नरहे उदंमुख
हुदैंन कोही उसबाट वंचित
समान मान्नेछ सदा बसन्ततः ॥२६८॥

नयां परी झट्ट खुलेर झुल्किई
खुलाई आभा सहसा र टल्किई
अचम्मनै विश्व बनेर हेर्दछ
पुरानु नै संस्कृत भाव खुन्दछ ॥२६९॥

नराख माया, अरूको विडम्बना
गरेर के भो ! पछुतो र प्रार्थना
बनेर दीना उत गै सकी पर
पराइकी सुन्दरी छैन सुन्दर ॥२७०॥

झलक्क देखा परि शिघ्र गामिनी
बढेर खासा सित काम यांविनी
उदा-उदा शान्ति-लता खुला भए
नचाइदा भाव लुके उसै छिन ॥२७१॥

छ साम्यता हाय ! असगति रति
नराखी आभा प्रतिभा बढाउने
मिलेर, खांचो अब छैन भन्दछन्
विवाद, सम्बाद, प्रवादको भय ॥२७२॥

छ मात्र योटा दिल राष्ट्र भावना
सवर्ग संघर्ष बिना, समन्वय
परम्परा तुल्य पुरानु कामना
नवीनताले भरिपूर्ण भावना ॥२७३॥

बुझेर शास्त्रज्ञ, बढो बिचारले
लिई ममी कागत लेखनिले
फुकाउदै राग नवीन पार्दछन्
बसन्तका पुष्प उदार भन्दछन् ॥२७४॥

कुरी कुराका भरमा हुदैन रे
कुरा बिना काम गरे हुने छ रे
छ जानु धेरै पर, लाख काम छन्
हुदैन रे क्रान्ति बिना समानता ॥२७५॥

कुरा गरी भित्र बसी उडाउने
अवश्यनै जीवन हुन सडाउने
गनाउने छन् पमिना सरीगरी
नपाउदा खान झिंगा सरो मरी ॥२७६॥

खराब फैलिन्छ निकै छिटो सित
विचार मौलिन्छ-ढिलो स्वभावतः
विनोद कै जीवनमा घटाउदा
अवश्य मिल्छन् उपदेश लाखन ॥२७७॥

त्रुटी थिएनन् नत पच्चयपात थ्यो
महर्षिका सत् उपदेश भै थियो
फिजाउने पुष्प–पराग बासना
थिएन शेषै रिस राग–भावना ॥२७८॥

अहम्पना रत्ति थिएन स्वार्थको
प्रभातको प्रांगणमा बसन्तको
छ आज किन्चित् बिचमा कता-कता
अवश्य आभास हुनेछ प्रष्टता ॥२७९॥

छ धेर मात्रा गुण थोर वैगुन
विगार्न सक्ला कसरी बढीकन
बनेर आगो तर पोल्छकी भनी
मिलेर मिल्काउनु पर्छ तै पनि ॥२८०॥

चियाउनु हुन्न बढा चियाउदा
चियाई हेरेर वसी रमाउदा
झलक्क देखिन्छ स्वयम् उ आउने
अदर्शनीयस्थल-छिद्र पाउने ॥२८१॥

अवश्य चाहिन्छ कला सुसंस्कृति
अमूल्य साहित्य सुधा र पद्धति
अनन्तका शान्त-प्रवाह फर्कने
इशा र बुद्धत्व विचार झल्कने ॥२८२॥

रहेन बाकी दिलमा विरक्तता
विमातृको आशय स्पष्ट देखिदा
परांगनामा मतिलाई पावन
सडाउनु खाली रहेछ जीवन ॥२८३॥

विशाल कैली र कठोर कालिले
लगाई आंखा, मनलाई चञ्चले
मजा दिने बाहिर हाउ ! पोख्तछन्
यता उता होइन आउ भन्दछन् ॥२८४॥

छ सेति आफ्नै दिलनै रमाउने
मुराद धोका मनका पुऱ्याउने
दुवै दिशाका उनको छ, के भर
बिनास पार्ने मन हुन् निरन्तर ॥२८५॥

सुशील छाया छ बसन्तमै हरे ?
रहीछ प्यारी दिलकी त्यसै मरे !
परार्थमा नीच लगाई तनमन
अनर्थ भो सुन्दर काल यौबन ॥२८६॥

विनोद आफै गुणले बसन्तको
वखान गर्दै सबलाई आउन
भनेर डाक्ने तम छैन रात्रिको
भयो उज्यालो भई दिव्य रश्मिले ॥२८७॥

लिएर राम्रो करबाट सिम्रक
लगाऊ आफ्नी प्रियमा र निर्भिक
बनेर हास् लिन, हिमशैल झैं यिनी
डराउँददिनन् तर दीन झैं बनी ॥२८८॥

लगाई द्यौ बिन्दु निधारमा यहा
त्यहा बसी पोतन हुदैन कालिमा
लश्राउ फर्की--घरबार जोड रे
विकासको द्वार खुला भए छ रे ॥२८६॥

बिमातृको काख र मातृ–काखमा
बिभिन्नता स्पष्ट अनादि--कालमा
गरी सके ती ध्रुवले ध्रुवै वन
फरक्क फर्केर गुनी तपो घन ॥२६०॥

ध्रुवत्त्व मिल्ला घरमै गऱ्यौ भने
गुनी तपस्या जनकामनामय
अपार सेवा अमरत्व पाइने
सपार सम्झी जन--पंच तन्त्रता ॥२६१॥

रमाउलान सुस्मित शैल–कानन
उदाउलान वैभव--भाव–कंचन
कपाल हांसेर मुसारि-मातुले
अवश्य छोराभनी शान राख्दछिन ॥२६२॥

खुशी बनी चंचल बाल–बालिका
सुगन्ध मीठो फलले बसन्तका
अवश्य बन्लान् पछि कर्णधार यी
मिली गरूं केही कुरा भए अरू ॥२६३॥

असाध्यछन भन्नु कुरा, सकिन्न रे
भनेर के, क्रान्ति सिवाय हुन्न रे
समानता सौम्यमयी छ क्रान्तिमै
सुशान्ति क्रान्ति नगरी हुदैन रे ॥२६४॥

नभाग भन्छे प्रिय ! प्रेयशीले
कराइ भन्छन् बनका चराहरू
हराभरा शैल हिमाल पर्वत
ल फर्क चाडै छ कुरा गरौं यहि ॥२६५॥

निरर्थ भागे मति बिग्री व्यर्थमा
गिज्याउलान हाय ! पराईले पनि
अबेर भो प्रेयशी रोई बस्दछे
गरी गुनासाहरु भित्र देखि नै ॥२६६॥

पराइका तीक्ष्ण मुद्दु बिजाउने
तिता कुरा हुन् मृदु देखिए पनि
विचार केहि नगरे भविष्यको
लगाउलान दोष मिलेर सन्तति ॥२९७॥

स्वदेशका सिस्नु र साग स्वादिला
पियूष झैं बन्दछ प्रेमि आटिला
भई गरे काम हुदैन के छ र
पराइका स्त्री हरुमा छ के भर ॥२९८॥

परांगनाका स्तन बेल तुल्य हुन
कडा छ आत्मा अभ्र व्यर्थ ठान्दछन्
विद्वान जान्ने, अमिलो तितो बनी
बिनाश गर्छन् ती भविष्य नै भनी ॥२९९॥

बनाउं यै नै पुर–हर्म्य सुन्दर
लगाउ यै नै बल–बुद्धि जोड र
बनाउ बाटा सब एक भै जुटी
हटाउ अज्ञान र शोक भोकनै ॥३००॥

बिनोद कै जीवन सम्झियो भने
पुरा हुने छन् दिलका कुराहरू
डराइता कायर मात्र भागद छन्
अगाडि आए पछि भावखुल्दछन् ॥३०१॥

टुटे–फुटेका सब शद्व जालमा
छुटे–टुटेका अरू भाव भंगिमा
अवश्य नै छन् मन भित्र ठान्दछु
तसर्थं विद्वान, क्षमा म माग्दछु ॥३०२॥

छ धृष्टता केवल भाव--भावुक
बुझेर दयौ माफि मलाइ बालक
अवश्य साभार बनेर राखुला
प्रयाश राम्रो अरुमा म बांचुला ॥३०३॥

यति भने भो अब लेखनी पनि
बिश्रामका खातिर चल्न छोड़दछ
भनाइ होला उसको पनि यहा
प्रत्यक्ष बन्छन् सब काम मात्रले ॥३०४॥

—:: इति ::—

# शुद्धा शुद्धी पत्र

| कविता | अशुद्ध | शुद्ध |
|---|---|---|
| ४ | धाम | घाम |
| १३ | विछुट्टै | विछट्टै |
| २६ | धेरै | घरै |
| ३१ | मोग | भोग |
| ५० | कुलाङ्गना | कुलाङ्गनाका |
| ५६ | सभित्यौ | संभिल्यौ |
| ६० | दप | दीप |
| ७१ | ज्ञान रे ? | ज्ञान हरे ! |
| ७७ | धुने | छुने |
| ८७ | हुन्छन् | हुने |
| ९० | मडाभरिने | मडारिने |
| १०२ | प्वन | बन |
| ११५ | मुलो | भुलो |
| ११६ | गर्भ | गर्व |
| १४८ | मय | भय |

| कविता | अशुद्ध | शुद्ध |
|---|---|---|
| १९९ | पण्डत | पण्डित |
| २०० | पद्धति | रहन्न पद्धति |
| २०४ | आनन्व | आनन्द |
| २२३ | ततष्ट | तटस्थ |
| २४० | साथ | छ साथ |
| २४२ | त्थती | त्यती |
| २४५ | मविष्यता | भविष्यता |
| २४८ | कपै | क्यै |
| २५४ | सामध्य | सामर्थ्य |

K